## बालश्रम मुक्त नगरपालिकाको स्थापनाका लागि कार्यविधि, २०७५

### परिच्छेद-१:
### प्रारम्भिक

**प्रस्तावना**

बर्दिवासनगरपालिकाले आफ्नो वार्षिक कार्यक्रममा बालश्रम निराकरण तथा न्यूनीकरणको लागि कार्यक्रम र बजेट विनियोजन गरी बालश्रम मुक्त नगरपालिका घोषणा गर्ने अभियान अगाडि बढाउँदै आएको, संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधानको कार्यान्वयनको क्रममा स्थानीय तहको निर्वाचनपश्चात् बर्दिवास नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको पहिलो नगरसभाले बालश्रम अनुगमन गर्दै बालश्रममुक्त नगरपालिका स्थापना गर्ने कार्यलाई कार्यक्रमिक तवरले अघि बढाउने प्रतिवद्धताजारी गरेको,
उल्लिखित पृष्ठभूमिमा बर्दिवासनगरपालिकाले बालश्रम न्यूनीकरण गर्ने उद्देश्यका साथ नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१)ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरीजारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम'बालश्रम मुक्त नगरपालिकाको स्थापनाका लागि कार्यविधि २०७५' रहेको छ।

(ख यो निर्देशिका नगरसभाबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) 'नगरपालिका' भन्नाले बर्दिबास नगरपालिकालाई सम्झनु पर्छ।

(ख) 'उद्धार' भन्नाले हिंसा, दुर्व्यवहार, बेवास्था, शोषण लगायतका जोखिमपूर्ण परिस्थितिमा रहेका तथा कानून विपरीत श्रमिकका रूपमा कार्य गर्न बाध्य पारिएका बालबालिकालाई तत्काल उद्धार गरी थप जोखिम हुनबाट जोगाउन अख्तियार प्राप्त निकायको पहलमा छुटकारा गराउने कार्य सम्झनु पर्छ।

(ग) 'ऐन' भन्नाले बर्दिबास नगारपालिकाको बालश्रम निषेध र नियमित गर्ने ऐन २०७५ लगायतका बालअधिकारसँग सम्बद्ध अन्य ऐनहरुलाई सम्झनु पर्छ।

(घ) 'बालबालिका श' भन्नाले १६ वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई सम्झनु पर्दछ।

(ङ) 'बालश्रम' भन्नाले बालश्रम निषेध तथा नियमित गर्ने ऐन २०७५ मा उल्लृख भए बमोजिमका कुराहरुलाई सम्झनु पर्दछ।

(च) 'घरेलु सहायक' भन्नाले मुलुकी देवानी तथा फौजदारी संहिता ऐन, २०७४ को दफा ६४३ अनुसार घरव्यवहारको काममा आवश्यकता अनुसार जुनसुकै बखत काममा लगाउन सकिने गरी काममा लगाइएको व्यक्ति सम्झनु पर्दछ।

(छ) 'रोजगारदाता' भन्नाले कुनै प्रतिष्ठान वा व्यवसायको क्रियाकलापमा अन्तिम निर्णय लिने व्यक्ति सम्झनु पर्दछ र सो शब्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी प्रतिष्ठान वा व्यवसायको भए कुनै भाग, इकाइ वा गृहको प्रमुख पदमा नियुक्त भएको व्यक्ति र अनौपचारिक रुपमा काममा लगाउने व्यक्तिसमेतलाई जनाउँछ।

(ज) 'जोखिमपूर्ण व्यवसाय वा कामहरु'भन्नाले बर्दिबास नगरपालिकाको बालश्रम निषेध तथा नियमित गर्ने ऐन २०७५ को अनुसूची अनुसार सम्झनु पर्दछ।

(झ) 'प्रतिष्ठान' भन्नाले कुनै उद्योग, व्यवसाय वा सो सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन वा स्थानीय निकायसँग दर्ता भई वा नभई स्थापित तथा सञ्चालित कुनै कल कारखाना, व्यवसाय, संगठन, संस्था, फर्म, कम्पनी वा तिनीहरुको समूह तथा अनौपचारिक रूपमा सञ्चालित कार्यस्थललाई सम्झनु पर्दछ।

(ञ) 'बालश्रम अनुगमन समिति' भन्नाले नियम ७ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ र सो शब्दले यस निर्देशिका बमोजिम गठित अनुगमन टोलीलाई समेत जनाउनेछ ।

३. **निर्देशिकाको उद्देश्य :** यस निर्देशिकाको उद्देश्य देहायबमोजिम रहेका छन् :

(क) बालश्रम अनुगमन सम्बन्धी कार्यको संयन्त्र, विधि र प्रक्रिया परिभाषित गर्न एवं सम्बन्धित सबै सरोकारवालाहरूको भूमिका प्रष्ट पार्न र परिचालित हुन,
(ख) नगरपालिकामा बालश्रम अनुगमन सम्बन्धी कार्य सम्पादन गर्न, प्रचलित कानून विपरीत श्रममा संलग्न गराइएका बालबालिकाको उद्धार गरी उनीहरूलाई परिवार तथा समुदायमा पुनर्मिलन, पुनर्एकिरण एवं पुनर्स्थापना गर्न,
(ग) नगरपालिकाका बालश्रम निराकरण, न्यूनीकरण र नियमन गर्ने उद्देश्य परिपूर्तिमा सघाउन एवं नगरपालिकालाई बालश्रम मुक्त घोषणा गर्नको लागि आधार तय गर्न, र
(घ) कानून विपरीत बालबालिकालाई श्रममा लगाउने व्यक्ति, व्यवसायी, प्रतिष्ठानलाई कानूनी दायरामा ल्याउन ।

## परिच्छेद-२:
## बालश्रम अनुगमनसम्बन्धी व्यवस्था

४. **बालश्रमको अनुगमन गर्नुपर्ने :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बालश्रमको अवस्थाबारे आवधिक रूपमा अनुगमन गर्नु पर्छ ।

(२) नियम ४(१) अनुसार अनुगमन गर्दा बालश्रम (निषेध तथा नियमित गर्ने)ऐन, २०७५ को दफा (३), (४), (६), (७), (८), (९), (१०), (१३) र (१४) का प्रावधानहरू परिपालना भए नभएको हेर्नु पर्छ । जस अन्तर्गत खासगरी देहायका विषयहरू सम्बोधन भएको सुनिश्चित गर्नु पर्छ :

(क) कानुनले तोकेको उमेर नपुगेका बालबालिका (१४ वर्ष पूरा नगरेकालाई श्रमिकको रूपमा काममा लगाउन तथा १६ वर्ष नपुगेकालाई जोखिमपूर्ण व्यवसाय वा श्रममा लगाउन नहुने) लाई श्रममा संलग्न गराएको वा नगराएको,
(ख) कानुनले तोकेको उमेर पुगेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउनु अघि-
    १. बालबालिकालाई श्रममा राख्नको लागि नगरपालिका/श्रम कार्यालयबाट अनुमति लिइएको वा नलिइएको तथा निज बालबालिकाको बाबु, आमा वा संरक्षकको स्वीकृति लिइएको वा नलिइएको,
    २. निज बालबालिकाको हकमा श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिएको वा नलिएको,
(ग) कानुनले तोकेको उमेर पुगेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउँदा-
    १. तोकिएका सर्त (बिहान ६ बजेदेखि बेलुका ६ बजे भित्र मात्र काममा लगाउने, दिनमा छ घण्टा र एक हप्तामा छत्तीस घण्टाभन्दा बढी काममा नलगाउने, ३ घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहको १ दिन तलबी विदा दिने) पूरा गरिएको वा नगरिएको,
    २. निज बालबालिकाको स्वास्थ्य र सुरक्षासम्बन्धी उपयुक्त व्यवस्था एवं शिक्षा तथा सीप विकासको व्यवस्था गरिएको वा नगरिएको,
    ३. तोकिए बमोजिम पारिश्रमिक तथा सुविधा दिइएको वा नदिइएको एवं पारिश्रमिक तथा सुविधामा लिङ्ग, वर्ण, जात, जाति, आस्था तथा उमेरका आधारमा भेदभाव गरिएको वा नगरिएको,

४. निज बालबालिकालाई परिवार तथा आमाबुबासँग नियमित सम्पर्क गर्न दिइएको वा नदिइएको,

५. निज बालबालिकालाई हेलाँ, दुर्व्यवहार, हेलचेक्राई, शोषण, कुटपिट जस्ता अमानवीय व्यवहार गरिएको वा नगरिएको,

(घ) बालबालिकाको नाम र ठेगाना; बाबु, आमा वा संरक्षकको नाम, ठेगाना; जन्ममिति वा उमेर; काममा लगाइएको मिति; कामको प्रकृति, काम गर्नुपर्ने समय र आराम गर्ने समय; पारिश्रमिक वा अन्य सुविधाहरू लगायतका विवरण भएको दर्ता किताबराखिएको वा नराखिएको ।

(३) नियम ४(१) बमोजिम अनुगमन गर्दा अन्य कुराको अलावा देहायका कुराहरूका ध्यान दिनु पर्छ :

(क) अनुगमनमा जाँदा आवश्यक पर्ने अनुगमन फाराम तथा अन्य सामग्रीको निर्धारण तथा व्यवस्थापनगर्नु पर्नेछ,

(ख) अनुगमनमा जाँदा टोलीका सदस्यहरूको काम (जस्तैः व्यवस्थापकसँग सोधपुछ गर्ने, कागजपत्रहरू हेर्ने, बालबालिकासँग कुराकानी गर्ने आदि) लाई व्यवस्थित गर्न सदस्यहरूबीच कार्य विभाजन गर्ने तथा सोका लागि अनुशिक्षण लिने कार्य गर्नु पर्नेछ,

(ग) कार्यस्थलमा अनुगमनका क्रममा बालश्रमसँग सम्बन्धित अर्थात् प्रमाण लाग्ने चिज वस्तुहरू भएमा सोको टिपोट गर्ने, फोटोग्राफ लिने र त्यस्ता वस्तुहरू बरामत वा शिलबन्दी गर्नु पर्नेछ,

(घ) श्रममा संलग्न बालबालिकासँग कुराकानी गर्ने र अन्य वयस्क कामदार तथा कर्मचारीसँग सोधपुछ गर्नु पर्नेछ,

(ङ) बालबालिकासँग कुराकानी गर्दा बालमैत्री वातावरणमा, उनीहरूलाई थप जोखिममा नपार्ने गरी तथा बाल संवेदनशीलता एवं बालसंरक्षणसम्बन्धी आचारसंहिता बमोजिम गर्नु पर्नेछ,

(च) कानुन बमोजिम उमेर पुगेका बालबालिका श्रममा संलग्न भएको अवस्थामा प्रचलित कानुन बमोजिम केही पक्षमा सुधार गर्नुपर्ने भए तत्काल गर्न सकिने खालका तत्कालै र समय लाग्ने कुराहरूमा व्यवस्थापकबाट समयाबद्ध सुधारको योजना मागी मनासिब समय दिई सुधार गर्न लगाउनु पर्नेछ,

(छ) यस निर्देशिकाको नियम १३ को अवस्था देखिएमा श्रममा संलग्न बालबालिकाको उद्धार गर्न अख्तियार प्राप्त निकायमा सिफारिस गर्ने ।

(४) नियम ४(१) अनुसार अनुगमन गर्दा नगरपालिकाले अनुसूची-१ अनुरूपको फाराम भरी अभिलेख राख्नु पर्नेछ ।

**५. जानकारी दिई वा नदिई उद्योग, प्रतिष्ठान,घर, होटेल, यातायात लगायतमा अनुगमन गर्न सक्नेः** (१) नगरपालिकास्तरीय बालश्रम अनुगमन समिति तथा वडास्तरीय अनुगमन समितिले निर्णय गरे अनुरूप अनुगमन टोलीका सदस्यले बालबालिकालाई श्रममा संलग्न गराएको हुन सक्ने सम्भावित परिवार, उद्योग, प्रतिष्ठानमा अग्रीम जानकारी दिई वा नदिई प्रवेश गर्न सक्नेछ ।

(२) नियम ५(१) बमोजिम अनुगमन गर्दा स्थानीय तहको जनप्रतिनिधि र स्थानीय प्रहरीको प्रतिनिधित्व गराउनु पर्छ ।

**६. प्रतिवेदन तयार गर्नु पर्नेः**

(१) नगरपालिकास्तरीय वा वडास्तरीय बालश्रम अनुगमन समितिले यस निर्देशिका बमोजिम बालश्रमको अनुगमन गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्छ ।

(२) नियम ६(१) बमोजिमको प्रतिवेदन अनुगमन भएको मितिले ३ दिनभित्र नगरपालिकामा बुझाउनु पर्नेछ ।

(३) नियम ६(१) बमोजिमको प्रतिवेदनमा उच्च जोखिम अवस्थाका श्रममा संलग्न बालबालिका पाइएको खण्डमा नगरपालिकास्तरीय बालश्रम अनुगमन समितिले उक्त प्रतिवेदनलाई उजुरीको रूपमा लिई बालबालिकाको उद्धार गर्न तथा बालबालिकालाई श्रममा लगाउने व्यक्ति,उद्योग वा प्रतिष्ठानलगायतलाई अनुसन्धान तथा कार्वाहीका निमित्त सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(४) समितिले आवश्यकताअनुसार सम्बन्धित क्षेत्रको विज्ञ तथा बालअधिकार एवं बालसंरक्षणको क्षेत्रमा क्रियाशील संस्थाका प्रतिनिधिलाई बैंठकमा आमन्त्रण गर्न सक्नेछ ।

**७. बालश्रम अनुगमनसम्बन्धी समिति गठन :** नगरपालिकाले बालश्रम अनुगमन गर्नका लागि ५ सदस्यीय समिति गठन गर्नु पर्नेछ । बालश्रम अनुगमन समिति देहाय बमोजिम गठन हुनेछ :

| | |
|---|---|
| (क) उप-प्रमुख | संयोजक |
| (ख) नगरमा रहेका नेपाल प्रहरीका प्रतिनिधि | सदस्य |
| (ग) बालअधिकारमा कार्यरत संघ संस्थाका प्रतिनिधि | सदस्य |
| (घ) सामाजिक विकास शाखा | सदस्य सचिव |
| (ङ) कार्यपालिकाका सदस्य मध्येबाट १ जना | सदस्य |
| (च) वडाध्यक्षहरुमध्येबाट १जना | सदस्य |
| (ङ) नगर बालकल्याण समिति वा बाल संरक्षण समिति १ जना | सदस्य |
| (च) बालक्लब सदस्यहरुबाट १ जना | सदस्य |
| (छ) महिला तथा बालबालिका शाखा १ जना | सदस्य |
| (ज) श्रम कार्यालय प्रतिनिधि १ जना | सदस्य |
| (झ) स्थानिय पत्रकार प्रतिनिधि १ जना | सदस्य |

**८. बैठकसम्बन्धी व्यवस्था :**

(१) बालश्रम अनुगमन समितिको बैंठक २ महिनाको एक पटक बस्ने छ । सदस्य सचिवले बैंठक बस्नुभन्दा कम्तीमा एक दिन अगावै सदस्यहरूलाई जानकारी दिनु पर्छ ।

(२) समितिको बैंठकको लागि तत्काल कायम रहेका सदस्यहरूको ५१ प्रतिशत उपस्थितिलाई गणपूरक मानिनेछ । समितिको बैंठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछन् ।

(३) समितिको निर्णय सदस्य-सचिवले उतार गरी प्रमाणित गरी अभिलेख राख्नेछन् ।

(४) समितिले बैंठकसम्बन्धी अन्य कार्यविधि आफैं निर्धारण गरी व्यवस्थित गरे बमोजिम हुनेछ ।

**९. नगरपालिकास्तरीयबालश्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** (१) नगरपालिकास्तरीय बालश्रमअनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका भित्र रहेका कलकारखाना, उद्योग, प्रतिष्ठान तथा घरमा श्रममा संलग्न बालबालिकाको अवस्थाबारे अनुगमन सूचिको आधारमा नियमित अनुगमन गर्ने, गराउने,

(ख) अवस्था अनुगमनको आधारमा नगरपालिका भित्र श्रममा संलग्न बालबालिकाको तथ्याङ्क अद्यावधिक गरी अभिलेख दुरूस्त राख्ने, यसरी अभिलेख राख्दा श्रममा संलग्न १६ वर्ष उमेर पूरा नगरेका बालबालिका, जोखिमपूर्ण व्यवसाय वा काममा संलग्न बालबालिका एवं कानून सम्मत वा कानून विपरीत श्रममा संलग्न गराइएका बालबालिकाको खण्डीकृत अभिलेख राख्नु पर्छ,

(ग) बालश्रम सम्बन्धी तथ्याङ्क व्यवस्थित गर्न कम्प्युटरमा आधारित सूचना प्रणालीको स्थापना गर्ने,

(घ) नगरपालिकाको क्षेत्रभित्र बालश्रमलाई नियमन र न्यूनीकरण गरी नगरलाई बालश्रम मुक्त बनाउन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने तथा त्यसको आवधिक समिक्षा गरी आवश्यकत्ता अनुसार परिमार्जन र कार्यान्वयन गर्ने ।

(ङ) नगरपालिका क्षेत्रमा बालश्रमको प्रयोगविरूद्ध सरोकारवाला संस्था, निकाय समेतलाई परिचालन गरी नियमित रूपमा सचेतना अभियान गर्ने गराउने,

(च) कानुनले तोकेको उमेर नपुगेका तथा तोकिएको सर्त र प्रक्रिया विपरीत श्रममा संलग्न गराइएका बालबालिकाको उद्धार गर्ने, अल्पकालीन आवास गृहमा राख्ने, स्वास्थोपचार र मनोसामाजिक सहयोग प्रदान गर्ने तथा पारिवारिक पुनर्मिलन एवं सामाजिक पुनर्स्थापना गर्ने, गराउने,

(छ) कानून सम्मत रूपमा श्रममा संलग्न गराइएका बालबालिकाको हकमा उनीहरूको शिक्षा, स्वास्थ्य, पारिवारिक सहयोग तथा पारिवारिक पुनर्मिलनका लागि रोजगारदाता, उद्योग, प्रतिष्ठान, गैरसरकारी संस्था, सरकारी निकायसँग समन्वय र सहकार्य गरी प्रतिबद्धता गर्ने, गराउने,

(ज) कानून विपरीत बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गरेका घर, उद्योग, प्रतिष्ठानका मालिकलाई कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने तथा नगरपालिकाले निज रोजगारदातालाई प्रदान गर्ने सेवा, सिफारिस दिन कडाइ गर्ने,

(झ) नगरपालिकामा बालश्रमविरूद्धका अभियान(अनुसूची ७) सञ्चालन गर्ने, सबै बालबालिकालाई आधारभूत शिक्षा अनिवार्य बनाई नगरपालिकालाई बालश्रम मुक्त नगर बनाउने अभियानको नेतृत्व गर्ने,

(ञ) श्रममा संलग्न बालबालिकाको उद्धार, अस्थायी बसोबास प्रबन्ध, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापनाका लागि बालसंरक्षण कोषको स्थापना गर्ने र सोको परिचालन गर्ने, गराउने,

(ट) समितिलाई तोकिएको काम, कर्तव्य र अधिकार परिपूर्तिका लागि नगरपालिकाको तहबाट स्रोत (आर्थिक र मानवीय लगायत) को व्यवस्थापन गर्ने र सोही प्रयोजनका लागि सरकारी निकाय तथा बालबालिकाको हकअधिकारको क्षेत्रमा क्रियाशील संस्थाको स्रोत परिचालनको लागि समन्वय र सहकार्य गर्ने ।

(ठ) उद्धार गरिएका बालश्रमिकहरुको पुनर्मिलनपरिच्छेद ५ को दफा २२ अनुसार योजना बनाई कार्यान्वयन गर्ने,

(ड) परिवारमा पुनर्स्थापित गराइएका बालश्रमिकहरु तथा उनीहरुका परिवारका लागि सामाजिक सुरक्षाबाट प्राप्त हुने छात्रवृत्तिलगायतका सेवा सुविधा पाए नपाएको यकिन गरी नपाएको भए उपलब्ध गराउनका लागि पहल गर्ने । साथै पुनर्स्थापित गराइएका बालश्रमिकहरुको पारिवारिक लेखाजोखा गरी अति विपन्न परिवारलाई परिवारको आर्थिक सुदृढिकरण गर्न सहयोगको लागि पहल गर्ने तथा सहयोगको सुश्चितता गर्ने ।

(ढ) बालबालिकाको अनुगमन, उद्धार, पुनर्एकिकरण, सहयोग एवं सामाजिक पुनर्स्थापना कार्य गर्दा बालबालिकाहरुको उच्चत्तम हित निर्धारण तथा सुनिश्चित गर्ने ।

**१०. बालश्रम अनुगमन वडास्तरीय समितिको गठन :**(१) नगरपालिकाको प्रत्येक वडामा देहाय बमोजिमको एक वडास्तरीय बालश्रम अनुगमन समिति गठन गरिनेछ :

(क) वडा अध्यक्ष वा वडासदस्यहरुमध्येबाट तोकिएका १ जना — संयोजक
(ग) बालक्लब सदस्यहरु मध्येबाट १ जना — सदस्य
(घ) स्थानीयस्तरमा बालबालिकाको हकअधिकारका लागि क्रियाशीलसंस्था/समूहमध्येबाट वडा समितिले तोकेको प्रतिनिधि १ जना — सदस्य
(ङ) स्थानीयवडा प्रहरी कार्यालयका प्रमुख — सदस्य
(च) सम्बन्धित वडाको वडा सचिव — सदस्य सचिव

**११. बैंठकसम्बन्धी व्यवस्था :** (१) वडास्तरीय बालश्रम अनुगमन समितिको बैठक ३ महिनामा १ पटक र आवश्यकताअनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिको बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा एक साता अगावै सदस्य-सचिवले सदस्यहरूलाई दिनु पर्छ।

(२) समितिको बैठकको लागि तत्काल कायम रहेका सदस्यहरूको ५१ प्रतिशत उपस्थितिलाई गणपूरक मानिनेछ। समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछ।

(३) समितिको निर्णय सदस्य-सचिवले उतार गरी प्रमाणित गरी अभिलेख राख्नु पर्छ।

(४) समितिले बैठकसम्बन्धी अन्य कार्यविधि आफैं निर्धारण गरी व्यवस्थित गरे बमोजिम हुनेछ।

**१२. वडास्तरीय बालश्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**(१) वडास्तरीय बालश्रम अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडामा श्रमिकका रूपमा बालबालिका कार्यरत रहेको क्षेत्रको पहिचान गर्ने, बालश्रमसम्बन्धी तथ्याङ्कसंकलन गर्ने तथा त्यसलाई अभिलेखीकरण गर्ने,
(ख) वडास्तरमा बालश्रमसम्बन्धी तथ्याङ्क व्यवस्थित एवं अद्यावधिक गरी राख्ने र सोको प्रति नगरपालिकास्तरीय समितिसमक्ष पेश गर्ने,
(ग) वडाभित्र श्रममा संलग्न बालबालिकाको अवस्थाबारे नियमित अनुगमन गर्ने र सोको प्रतिवेदन नगरस्तरीय बालश्रम अनुगमन समितिसमक्ष पेश गर्ने,
(घ) बुँदा (क), (ख) र (ग) अनुरूप गरिएको अवस्था विश्लेषण समेतको आधारमा नगरपालिकालाई बालश्रम मुक्त नगर बनाउने अभियान सार्थक बनाउन योजना तर्जुमा गर्ने र बजेट विनियोजन गर्न नगरपालिकासँग पहल गर्ने, सरोकारवालासँग पैरबी गर्ने,
(ङ) बालअधिकारबारे तथा बालश्रमविरूद्ध जनचेतना जगाउने खालका कार्यक्रम तथाअभियान सञ्चालन गर्ने र सोका लागि सरोकारवाला निकाय वा संस्थासँग समन्वय र सहकार्य गर्ने,
(च) कानून विपरीत श्रममा संलग्न गराइएका बालबालिकाको हकमा नगरपालिकास्तरीय बालश्रम अनुगमन समितिको निर्णयअनुरूप उद्धार गर्नमा, अस्थायी बसोबास प्रबन्ध गर्नमा, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापनाकार्यमा सहयोग गर्ने, गराउने,
(छ) बुँदा (घ) बमोजिम उद्धार गरिएका बालबालिकाको घटना व्यवस्थापनका लागि सेवा प्रदायक निकाय तथा संस्थाको पहिचान गर्ने, समन्वय गर्नेर तिनमा बालबालिकासिफारिस गर्ने र सोको जानकारी नगरपालिकास्तरीय बालश्रम अनुगमन समितिलाई तत्काल दिने,

(ज) श्रममा संलग्न बालबालिकाको उद्धार, अस्थायी संरक्षण, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापनाका लागि वडास्तरमा भएको बालसंरक्षण कोषको परिचालन गर्ने र सो नभएमा नगरपालिकास्तरीय कोषबाट स्रोत माग गरी सोको परिचालन गर्ने,

(झ) नगरपालिकास्तरीय बालश्रम अनुगमन समितिले निर्देशन दिए अनुरूपका अन्य काम कारबाही गर्ने, गराउने ।

(ञ) वडास्तरीय बालश्रम अनुगमन समितिलेसमिति पुनर्गठन तथा कार्यसञ्चालन कार्यविधि निर्माण गर्न सक्नेछ ।

(ट) पुनर्स्थापित गराइएका बालश्रमिकहरुको पारिवारिक लेखाजोखा गरी अति विपन्न परिवारलाई परिवारको आर्थिक सुदृढिकरण गर्न सहयोगको लागि पहल गर्ने तथा सहयोगको सुश्चितता गर्ने ।

(ठ) बालबालिकाको अनुगमन, उद्धार, पुनर्एकिकरण, सहयोग एवं सामाजिक पुनर्स्थापना कार्य गर्दा बालबालिकाहरुको उच्चत्तम हित निर्धारण तथा सुनिश्चित गर्ने ।

## परिच्छेद-३:

## जोखिम अवस्थाका श्रममा संलग्न बालबालिकाको उद्धारसम्बन्धी व्यवस्था

१३. **जोखिम अवस्थाका श्रममा संलग्न बालबालिकाको उद्धार गर्नु पर्ने :** बालश्रम अनुगमन गर्दा देहायको अवस्था पाइएमा नगरस्तरीय बालश्रम अनुगमन समितिले बालबालिकाको तत्काल उद्धार गर्नेछ :

(क) १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रममा संलग्न गराइएको,

(ख) १६ वर्ष नपुगेका बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा काममा संलग्न गराइएको,

(ग) श्रममा संलग्न बालबालिकामाथि भेदभाव (लिङ्ग, वर्ण, धर्म वा जात जातिको आधारमा समान काममा समान पारिश्रमिक र सुविधा नदिइएको), दुर्व्यवहार (शारीरिक, मानसिक तथा यौन दुर्व्यवहार), वा शोषण (शारीरिक वा मानसिक, यौन वा आर्थिक/श्रम शोषण) लगायतका दुर्व्यवहार वा अमानवीय व्यवहार वा कार्य भएको,

(घ) कामको प्रकृति वा काम गर्ने स्थानको वातावरणको कारणले गर्दा बालबालिकाको स्वास्थ्य र सुरक्षामा नकारात्मक असर पुगेको वा पुग्न सक्ने अवस्था देखिएको,

(ङ.) बेचबिखनमा पारी, ऋण असुलीका लागि वा बधुवा प्रकृतिको श्रममा संलग्न गराइएको वा निजको इच्छाविरूद्ध जर्बजस्ती काममा लगाइएको,

(च) प्रचलित कानून विपरीत वा कानूनको सर्त एवं प्रक्रियाको बर्खिलाप बालबालिकालाई श्रममा संलग्न गराइएको,

(छ) माथिका बुँदा (क) देखि (च) सम्मका अवस्थाका अलावा नगरपालिकास्तरीय बालश्रम अनुगमन समितिले उद्धार गर्न आवश्यक ठानी निर्णय गरेको अन्य अवस्था ।

१४. **उद्धार कार्यको तयारी गर्नु पर्ने :** (१) नियम १० बमोजिम बालबालिकाको उद्धार गर्नु पर्ने आवश्यकता देखिएमा नगरपालिकास्तरीय बालश्रम अनुगमन समितिले उद्धार पूर्वको योजना बनाई उद्धार कार्यको तयारी गर्नु पर्छ ।

(२) नियम १०(१) अनुसार उद्धार कार्यको योजना बनाउँदा कुन कुन बालबालिकाको उद्धार गर्ने, उद्धारकोगर्ने प्रक्रिया के हुने हो, उद्धार समितिमा को को रहने हो, उद्धार कहिले गर्ने हो र उद्धार गरिएका बालबालिकालाई कहाँ राख्ने हो भन्ने लगायतका पक्षहरूमा देहायअनुसार कार्य गर्नु पर्छ :

(क) उद्धार गर्नुपर्ने बालबालिकाको वैयक्तिक विवरण फाराम भरी सूचनाजानकारी दुरूस्त राख्नुपर्नेछ (निज बालबालिकाको अनुसूची-१ अनुरूपको अनुगमन फारमलाई यस सन्दर्भमा उपयोग गर्न सकिनेछ),

(ख) नगरपालिकास्तरीय बालश्रम अनुगमन समितिले उद्धार टोली गठन गर्दा सामान्यतया- अ)जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, आ) श्रम कार्यालयका श्रम निरीक्षक वा प्रतिनिधि, इ) बालकल्याण वा बाल संरक्षण समितिका संयोजक वा सदस्य वा प्रतिनिधि, ई) नगरपालिकाको समाज विकास शाखा वा महिला तथा बालबालिका हेर्ने शाखाका कर्मचारी, उ) प्रहरी कार्यालयका मुद्दा फाँटका प्रहरी कर्मचारी (स्थलगत मुचुल्का तयार गर्न दक्ष प्रहरी माग गर्ने), ऊ) नेपाल प्रहरीको महिला बालबालिका सेवा केन्द्रका प्रतिनिधि, ए) स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी, ऐ) बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका सामाजिक/बालसंरक्षण कार्यकर्ता वा मनोविमर्शकर्ता,ओ) नगरपालिकास्तरीय बालसंरक्षण समितिका संयोजक वा सदस्य, र औ) बाल हेल्पलाइनका प्रतिनिधिमध्येबाट रहने गरी ४ जनासम्मको टोली गठन गर्न सकिनेछ ।

(ग) नियम १०(२) को खण्ड ख अनुरूप उद्धार टोली गठन गर्दा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, श्रम कार्यालयका श्रम निरीक्षक वा प्रतिनिधि, नगरपालिकाको समाज विकास शाखा वा महिला तथा बालबालिका हेर्ने शाखाका कर्मचारी, प्रहरी कार्यालयका मुद्दा फाँटका प्रहरी कर्मचारी, नगर प्रहरीमध्येबाट ४ जनासम्म अनिवार्य रूपमा रहनुपर्दछ ।

(घ) उद्धारमा जानुअघि उद्धार टोलीका सदस्यहरूले आवश्यक तयारी बैठक गर्नु पर्छ । त्यस्तो बैठकमा उद्धार टोलीका सदस्यहरूले सम्बन्धित बालबालिकाको उद्धार गर्दा बहन गर्ने जिम्मेवारीको बाँडफाँड, लैजानुपर्ने आवश्यक कागजातको तयारी (जस्तैः सम्बन्धित बालश्रमिकको अवस्थासम्बन्धी प्रतिवेदन या अवस्थाबारेको जानकारी, स्थलगत मुचुल्काको ढाँचा, आदि), उद्धारको दौरान गर्नु पर्ने कार्यको सूची बनाउने, उद्धारपश्चात् सम्बन्धित बालबालिकालाई उपलब्ध गराउनु पर्ने आवश्यक सेवा सुविधाहरू बारे छलफल गरी सोको प्रबन्धलगायत समग्रमा पूर्व तयारी गर्नु पर्छ ।

(ङ) उद्धारमा जानुअघि नै उद्धार टोली र बालबालिकाको सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयलाई खबर गरी उद्धारको स्थान र समयबारे जानकारी गराई सुरक्षा सतर्कता अपनाउनु पर्छ ।

(च) उद्धार योजना बनाउँदा बालबालिका त्रसित हुने, आतङ्कित हुने तथा तनावमा आउने अवस्थालाई न्यूनीकरण गर्ने गरी योजना बनाउनु पर्छ ।

(छ) उद्धारको योजना बनाउँदा उद्धारपछि बालबालिकालाई अन्तरिम हेरचाह र संरक्षणको लागि आवश्यक सेवाहरू र आर्थिक व्यवस्थापनबारे पर्याप्त तयारी भएको हुनु पर्छ ।

(ज) बालबालिकाको अनुगमन, उद्धार, पुनर्एकिकरण, सहयोग एवं सामाजिक पुनर्स्थापना कार्य गर्दा बालबालिकाहरुको उच्चत्तम हित निर्धारण तथा सुनिश्चित गर्ने ।

(३) बालश्रमिकको उद्धार तयारीको अवस्थामा सूचनाको गोपनीयता भङ्ग हुन सक्दछ जसले गर्दा उद्धार योजनालाई प्रभावित पार्ने र बालबालिकालाई समेत प्रभावित गराउने, जोखिममा पार्ने र पीडकले प्रमाण नष्ट गर्ने वा फरार हुन सक्दछ । यसर्थ उद्धार कार्ययोजनाको गोपनीयता राख्नु पर्छ ।

**१५. तत्काल उद्धार गर्नु पर्ने :** (१) नियम ११ अनुरूपको उद्धार योजना बनेपछि र उद्धार टोलीको योजना बैठक बसे पछि जतिसक्दो छिटो तत्काल उद्धार कार्य गर्नु पर्छ ।

(२) उद्धार गर्नुपर्ने अवस्थामा रहेका बालबालिका आपराधिक कार्यबाट पीडित भएको हुने हुनाले निजको कानूनी उपचार तथा पीडकलाई प्रचलित कानूनअनुसार कारबाही गर्नुपर्ने भएकोले घटनास्थलको अनुसन्धान एवं मुचुल्का समेत तयारी गर्नको लागि र उद्धार कार्यको सुरक्षाको

लागि सम्बन्धित श्रम कार्यालय, जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयलाई खबर गरी तत् कार्यालयका प्रतिनिधिहरूलाई उद्धार कार्यमा संलग्न गराउनु पर्छ ।

(३) उद्धार गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्छ :

(क) उद्धार गर्नुपूर्व टोलीका सदस्यहरू घटनासँग सम्बन्धित कानुनी व्यवस्था, उद्धार कार्य र उद्धार पछिको भूमिका तथा कार्यविधि र जिम्मेवारीबारे स्पष्ट हुनु पर्ने,

(ख) श्रमिकका रूपमा कार्यरत बालबालिकासँग कुराकानी गर्दा बालमैत्री बोली, व्यवहार, शैली र विधिहरू अपनाउनु पर्ने । यसरी बालबालिकासँग कुराकानी वा अन्तर्वार्ता गर्दा त्यसबारे सीप र दक्षता भएको व्यक्तिले गर्ने व्यवस्था गर्नु पर्छ अनि उनीहरूलाई थप हानी नपुऱ्याउने गरी गर्नु पर्ने,

(ग) उद्धार कार्य गर्दा श्रमिकका रूपमा कार्यरत बालबालिकाको मर्यादा, आत्मसम्मान, सुरक्षालाई विशेष ध्यान दिनुपर्ने,

(घ) उद्धार गर्नुपर्ने बारे सम्बन्धित बालबालिकालाई जानकारी गराई सहमत गराउन प्रयास गर्नु पर्ने । सम्भव भएमा निजका बाबु आमा वा संरक्षकलाई समेत जानकारी दिनु पर्ने,

(ङ) उद्धारको क्रममा बालबालिकालाई त्रास, भय, मानसिक तथा शारीरिक पीडारहित वातावरणमा सो कार्य सम्पन्न गर्ने कुरा सुनिश्चित गर्नु पर्छ ।

(च) उद्धार गरिएको विषयमा अभिलेख तथा कागजातको तयारी (उद्धारको निर्णय, घटनास्थल वा बरामदी मुचुल्का, संरक्षणको जिम्मा दिनको लागि पत्र, बालबालिका उद्धार गरिएको बारे सम्बन्धित घरधनी (घरेलु बालश्रमका सम्बन्धमा), उद्योग/प्रतिष्ठानका मालिक वा व्यवस्थापकलाई उद्धार गरिएको व्यहोराको जानकारी आदि) गर्ने,

(छ) उद्धार टोलीका सदस्यहरूले अनावश्यक रूपमा बालबालिकासँग नजिकिने, छुने, बोल्ने, अशिष्ट भाषा वा शब्दको प्रयोग गर्ने, व्यक्तिगत प्रकृतिका प्रश्न गर्ने जस्ता कार्यहरू गर्नुहुँदैन ।

(४) उद्धार कार्यमा संलग्न प्रहरी कर्मचारीले बालबालिकाको उद्धार गर्दा कानूनी कारबाहीका सन्दर्भमा प्रमाण लाग्ने चीज वस्तुहरू फेला परेमा ती वस्तुहरू बरामद गरी वा शिलबन्दी गरी प्रचलित कानून बमोजिम मुचुल्का तयार गर्नु पर्छ । साथै, कानुनी प्रमाणको संकलन तथा बालबालिका र/वा निजको बाबु आमा वा संरक्षकलाई कानूनी प्रक्रियाबारे परामर्श दिनु पर्छ ।

(५) उद्धार गर्दा बालबालिकाले प्रयोग गरिरहेका निजी वस्तु तथा भौतिक सामग्री (जस्तैः पुस्तक, कापी कलम, कपडा, नगद, जिन्सी, गहना, खेलौना आदि) को अभिलेख तयार गरी ती सामग्री बालबालिकासँगै ल्याउनु पर्छ । ती सामग्रीहरूलाई सुरक्षित गरी बालबालिका रहने अस्थायी संरक्षण गृह वा परिवारमा पुनर्मिलन भई गएमा वा पुनर्स्थापना भई गएमा उनीहरूसँगै पठाई सम्बन्धित बालबालिकालाई जिम्मा दिनु पर्छ ।

**१६. उद्धार कार्य सम्पन्न भए पछि बालबालिकाको स्वास्थ्य परीक्षण गरी अस्थायी संरक्षण गृह/स्थलमा राख्नुपर्नेः** (१) उद्धार गरिएका बालबालिकाको तत्काल स्वास्थ्यकर्मीबाट स्वास्थ्य परीक्षण गराई, घाउ वा चोटपटक लागेको भएमा सोको जाँच गराई, निजको व्यक्तिगत फारम (अनुसूची-३) भरी, भराई निजलाई अस्थायी संरक्षण गृह/स्थलमा राख्नु पर्छ ।

(२) उद्धार गरिएका बालबालिकाको सुरक्षा तथा संरक्षणलाई पहिलो प्राथमिकता दिनु पर्छ ।

(३) सानो उमेरका बालबालिका, शारीरिक तथा मानसिक अपाङ्गता भएका बालबालिका, बिरामी र घाइते अवस्थामा रहेका बालबालिका उद्धार गर्दा तिनीहरूको विशेष आवश्यकतालाई ख्याल गर्नुपर्छ। साथै सेवा सुविधाको प्रबन्ध गर्दा उनीहरूलाई प्राथमिकता दिनु पर्छ।

(४) उद्धार गरिएका बालबालिकामा मनोसामाजिक समस्या देखिएमा मनोविमर्श सेवाको व्यवस्था गर्नु पर्छ।

(५) पीडित बालबालिकालाई उद्धार पछि पीडितलाई हुनसक्ने धम्की र त्रासबाट जोगाउन तथा थप आघात हुनबाट जोगाउन-अ) पीडित र पीडकलाई एउटै सवारी साधन ल्याउन वा एकै ठाउँमा राख्न हुँदैन, आ) पीडितलाई सुरक्षित राख्नु पर्छ, र इ) बालबालिका राखिएको स्थानको जानकारी पीडकलाई दिने जस्ता कार्य गर्नु हुँदैन।

१७. **उद्धार गरिएका बालबालिकाको घटना व्यवस्थापन गर्नु पर्नेः** (१) बालश्रमबाट उद्धार गरिएका बालबालिकाको दीर्घ पुनर्स्थापनाका लागि व्यक्तिगत रूपमा हरेकको घटना व्यवस्थापन गर्नु पर्छ।

(२) नियम १७(१) बमोजिमको घटना व्यवस्थापन गर्नका लागि बर्दिबास नगरपालिकाको सामाजिक विकास शाखा महिला तथा बालबालिका हेर्ने शाखाका प्रमुखलाई घटना व्यवस्थापकको रूपमा नियुक्त गर्न सकिन्छ।

१८. **गोपनियता कायम गर्नु पर्ने :** (१) सामान्य अवस्थामा उद्धार टोलीका सदस्यलाई उद्धार गरिन लागेका बालबालिकाको व्यक्तिगत विवरण, घटना विवरण र उद्धार गर्नु पर्नाको कारणबारे जानकारी उद्धार तयारी बैठकमा दिनु पर्छ। तर, कतिपय अवस्थामा कुन स्थान (घर, उद्योग/प्रतिष्ठान) बाट उद्धार गरिने हो भन्ने जानकारी सीमित सदस्यलाई मात्र दिने र बाँकीलाई उद्धार गर्ने क्रममा मात्र दिनुपर्छ। त्यसरी नै बालबालिकाको सुरक्षा र संरक्षणको लागि आवश्यक देखिएमा उद्धारपछि बालबालिका राखिएको स्थानसमेत गोप्य राख्नु पर्छ।

१९. **उद्धार कार्यको प्रतिवेदन तयार गर्ने एवं उद्धार गरिएका बालबालिकाको अभिलेख राख्नु पर्ने :** (१) उद्धार कार्यको प्रारम्भिक र विस्तृत प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्छ।

(२) बालश्रमिकलाई उद्धार गरी सुरक्षित स्थलमा ल्याइसकेपछि निज बालबालिका र उनको बाबुआमा, संरक्षक तथा परिवारको विवरण; उद्धार गरिएको घटना विवरण; बालबालिकाको हालको अवस्था; उद्धार पछिको अस्थायी संरक्षण व्यवस्था एवं आवश्यक सेवासुविधा सहित उल्लेख गरी अनुसूची-५ अनुरूप प्रारम्भिक अभिलेख तयार गरी राख्नु पर्छ।

(३) उद्धार कार्य सम्पन्न भएको तीन दिनभित्र उद्धार कार्यको प्रक्रिया र उद्धार गरिएका बालबालिकाको विवरण र अवस्थासहितको प्रारम्भिक प्रतिवेदन तयार गर्नु पर्छ।

(४) उद्धार कार्य सम्पन्न भएको सात दिनभित्र उद्धार गरी अस्थायी संरक्षण स्थलमा राखिएको, परिवारमा पुनर्मिलन गरिएको वा समाजमा पुनर्स्थापना गरिएको वा सोसम्बन्धमा भएको कार्य समेत समावेश गरी विस्तृत प्रतिवेदन तयार गरी अभिलेख राखिनेछ।

(५) यस नियम बमोजिम तयार गरिएको प्रतिवेदन सम्बन्धित जिल्ला बालकल्याण समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, श्रम कार्यालय, र नगरपालिकामा पेश गरिनेछ।

(६) नियम १८(१) बमोजिमको अभिलेख कानुनी प्रक्रिया/कारबाहीको लागि प्रमाणको रूपमा समेत रहने हुँदा उद्धार टोलीका सदस्य तथा आधिकारिक व्यक्तिले सहीछाप गरी सुरक्षित साथ राख्नु पर्छ ।

(७) अभिलेखीकरण गरिएका सबै प्रतिवेदन तथा दस्तावेज नगरपालिकाको महिला तथा बालबालिका हेर्ने शाखामा गोपनीयता कायम हुने गरी राख्नु पर्छ ।

## परिच्छेद ४:
## उद्धार गरिएका बालबालिकाको अस्थायी संरक्षण

२०. **उपलब्ध सेवा तथा सेवा प्रदायकको नक्साङ्कन गर्नु पर्ने** : (१) नगरपालिकामा बालश्रमको अनुगमन, श्रममा संलग्न बालबालिकाको उद्धार, अस्थायी संरक्षण, परिवारमा पुनर्एकीकरण एवं समाजमा पुनर्स्थापना लगायतका सन्दर्भमा आवश्यक सेवा तथा सेवा प्रदायकको नक्साङ्कन गर्नु पर्छ ।

(२) बालश्रम अनुगमन प्रणालीको सन्दर्भमा नगरपालिकामा उपलब्ध नभएका तर आवश्यक सेवा जिल्ला तहमा उपलब्ध भएमा त्यस्तो सेवा कसरी परिचालित गर्ने भनेर योजना बनाउनु पर्छ । साथै, जिल्ला तहमा समेत उपलब्ध सेवाको हकमा प्रदेश वा संघीय तहका निकायसँग समन्वय गरी सेवा उपलब्ध गराउन समन्वय गर्नु पर्छ ।

(३) नियम २०(१) अनुरूपको नक्साङ्कन पछि बालश्रम अनुगमन प्रणालीको प्रत्येक चरणका लागि प्राथमिक सेवा प्रदायक छनौट गरी अग्रिम रूपमा सम्झौता गर्नु पर्छ ।

२१. **बालश्रमिकलाई अस्थायी संरक्षण तथा सेवा उपलब्ध गर्नु पर्ने** : (१) उद्धार कार्य सम्पन्न भए पछि बालश्रमिकको स्वास्थ्य परीक्षण गर्नु पर्छ । उद्धार गरिएका बालबालिका बिरामी भए स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ । साथै, बालबालिकामाथि शारीरिक वा मानसिक दुर्व्यवहार, शोषण वा यातना दिइएको लक्षण देखिएमा प्रहरीसँग समन्वय गरी स्वास्थ्य जाँच गरी, गराई प्रमाणहरू संकलन गर्नु पर्छ ।

(२) उद्धार कार्य सम्पन्न भए पछि बालबालिकालाई अस्थायी संरक्षणमा सुरक्षित स्थलमा राख्नु पर्छ । यसरी राख्दा बालक र बालिकालाई अलग अलग राख्नुपर्छ । यस कार्यमा जिल्ला बालकल्याण समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, गैरसरकारी संस्था एवं सेवा प्रदायकसँग समन्वय गरी सहयोग लिन सकिन्छ ।

(३) उद्धार गरिएको बालबालिकाको उमेर पहिचान गर्ने प्रमाण (जस्तैः जन्मदर्ता प्रमाणपत्र, विद्यालयको शैक्षिक प्रमाणपत्र आदि) नभएको खण्डमा कानूनी कारबाहीको लागि आवश्यक देखिएमा उमेर पहिचानको लागि चिकित्सा जाँच गर्न गराउनु पर्छ ।

(४) नियम २१(२) अनुसार अस्थायी संरक्षणको प्रबन्ध गर्दा सेवा प्रदायक संस्था वा नगरपालिका भित्र वा जिल्लामा सञ्चालनमा रहेको सेवामा सिफारिस गरी पठाउन सकिन्छ ।

(५) उद्धार कार्यको तयारी चरणमा नै बालबालिकालाई उद्धार पछि कहाँ राख्ने, उक्त स्थान सुरक्षित छ वा छैन, उनीहरूका लागि आवश्यक भोजन, बसोबास, लत्ताकपडा, हेरचाह गर्ने सहयोगी व्यक्ति लगाएको योजना गर्नु पर्छ ।

(६) बालबालिकालाई आवश्यक पर्न सक्ने सामाजिकीकरण, मनोसामाजिक विमर्श, कानूनी परामर्श तथा सहयोग, परिवार पहिचान तथा परिवारको तयारी, परिवारमा जीविकोपार्जन सहयोग, शिक्षाको निरन्तरता, परिवारमा पुनर्मिलन तथा समाजमा पुनर्स्थापना सहयोगलगायतका सेवाहरूको व्यवस्थापन के कसरी गर्ने हो त्यसबारे पनि पर्याप्त तयारी एवं गृहकार्य गर्नु पर्छ ।

(७) परिवारमा पुनर्मिलन तथा समाजमा पुनर्स्थापना हुन नसक्ने बालबालिकाको हकमा सम्बन्धित नगरपालिकाको निर्णयबाट वैकल्पिक हेरचाहमा पठाउन समन्वय र सहकार्य गर्नु पर्छ ।

(८) बालबालिकालाई राखिएको अस्थायी संरक्षण स्थल, सेवाको लागि सिफारिस भै गएको स्थान वा उपलब्ध गराइएको सेवाबारे गोपनीयता कायम गर्नु पर्छ र त्यसबारेको सूचनाजानकारी सम्बन्धित पदाधिकारी वा व्यक्तिसँग मात्र सीमित राख्नु पर्छ ।

## परिच्छेद ५:
## परिवारमा पुनर्मिलन वा सामाजिक पुनर्स्थापनासम्बन्धी व्यवस्था

२२. **परिवारमा पुनर्मिलन गराउनु पर्नेः** (१) अनुगमन गर्दा श्रमका लागि स्वीकृत उमेर नपुगेका वा जोखिमी अवस्थामा रही उद्धार गरिएका बालबालिकालाई निजको परिवार खोजी गरी परिवारमा पुनर्मिलन गराउनु पर्छ ।

(२) परिवारमा पुनर्मिलन गराउँदा देहायका प्रक्रिया अपनाउन सकिन्छः

(क) सेवा प्रदायक संस्थाका बालसंरक्षण कार्यकर्ता वा सामाजिक कार्यकर्तालाई परिचालन गरी निजको परिवार पहिचान गर्न लगाउने,
(ख) परिवार पहिचान भए पछि परिवारको आर्थिक, सामाजिकलगायतका अवस्थाबारे तथ्याङ्क संकलन र विश्लेषण गर्ने (यसो गर्दा निज बालबालिका श्रममा जानु पर्नाको वास्तविक कारण पहिल्याउन सकिन्छ),
(ग) परिवार पहिचान भए पछि बाबुआमा वा परिवारलाई निज बालबालिका परिवारमा एकीकरण हुने कुरा बताई बालबालिका तथा उनको परिवारलाई तयार गर्ने (यसको लागि सेवा प्रदायक संस्थाको सहयोग लिन सकिन्छ),
(घ) माथि खण्ड (ख) बमोजिमको अवस्था विश्लेषण गर्दा यदि आर्थिक गरिबीको कारण बालबालिका श्रममा जान बाध्य भएका हुन् भने परिवारको आय उपार्जनका विकल्पहरू के के हुन सक्दछन् पहिचान गर्ने, निज बालबालिकाका लागि जीवन उपयोगी सीप तथा आवश्यक सेवा पहिचान गर्ने,
(ङ) बालबालिकालाई परिवारमा फर्काउनु अघि कमसेकम एक पटक परिवारसँग भेटघाट/अन्तर्क्रिया गरी परिवारमा स्वीकार्य वातावरण मिलाउनु प्रयत्न गर्ने,
(च) बालबालिका फर्किने समुदायमा स्वीकार्यता बढाउन र समुदायबाट हुनसक्ने लाञ्छना तथा भेदभावको सामना गर्न परिवारलाई सघाउन आवश्यक परेमा मनोसामाजिक सेवामा सिफारिस गर्ने,

भूमिहिन अवस्था भई घरबारको ठेगाना नभएका वा चरम आर्थिक विपन्नताको कारणबाट आमाबाबु वा परिवारले बालबालिकालाई श्रममा पठाएको प्रमाणित भएका तिनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सीप विकास तथा आय आर्जनका कार्यक्रमहरुका लागि नगरपालिकामा सिफारिस गर्ने

२३. **परिवारमा पुनर्मिलन गराउँदा तयारी गर्नु पर्ने** : (१)उद्धार गरिएका बालबालिकालाई परिवारमा पुनर्मिलन गराउनु पूर्व बालबालिका, निजको परिवार एवं समुदायलाई तयार गर्न सघाउनु पर्छ ।

(२) बालबालिकालाई परिवारमा पुनर्मिलन गराउनु अघि सम्बन्धित परिवारसँग भेटघाट/अन्तर्क्रिया गरी त्यहाँ स्वीकार्य हुने वातावरण मिलाउन प्रयत्न गर्नु पर्छ ।

(३) समुदायमा बालबालिकाको स्वीकार्यता बढाउन तथा समुदायबाट हुनसक्ने लाञ्छना तथा भेदभावको सामना गर्न परिवारलाई प्रोत्साहन गर्ने एवं आवश्यक परेमा मनोसामाजिक सेवामा सिफारिस गर्नु पर्छ ।

२४ **सामाजिक पुनर्स्थापना गर्नु पर्ने:** (१) नियम २२ बमोजिम परिवारमा पुनर्एकीकरण हुन असमर्थ बालबालिकालाई बसोवास प्रबन्ध गर्न तथा पुनर्स्थापनाका विकल्पहरूको खोजी गरी उचित प्रबन्ध गर्नु पर्छ ।

(२) यसरी पुनर्स्थापना गर्दा रोजगारदाताको आर्थिक हैसियत हेरी बालबालिकाको आधारभूत आवश्यकताहरुको भरणपोषण गर्नका लागि उनीसँग सहयोग लिने ।

२५. **बालबालिकाको पुनर्एकीकरण तथा पुनर्स्थापनाको प्रबन्ध :** (१) उद्धार गरिएका बालबालिका नगरपालिका भित्रका बालबालिका भए पारिवारिक पुनर्मिलन गर्दा देहाय बमोजिम गर्न सकिन्छ :

(क) नगरपालिका भित्रका बालबालिका भए वडास्तरीय बालश्रम अनुगमन समिति मार्फत अभिभावकहरूलाई जिम्मा लगाउने,

(२) उद्धार गरिएका बालबालिका जिल्लाभित्रका भएमा उनीहरूको पारिवारिक पुनर्मिलन वा सामाजिक पुनर्स्थापना गर्दा देहाय बमोजिम गर्न सकिन्छ :

(क) सम्बन्धित स्थानीय तहका प्रमुखलाई निज बालबालिकाको बारे जानकारी दिने निजको परिवारसँग सम्पर्क सम्बन्ध स्थापित गर्ने, गराउने,
(ख) स्थानीय तहको रोहबरमा सम्बन्धित परिवारलाई जिम्मा लगाउने,
(ग) बालश्रमको सन्दर्भमा कार्य गर्न जिल्ला भरिका नगरपालिका वा गाउँपालिकाहरूको नेटवर्क बनाई जिल्ला भर नै बालश्रम निराकरण र न्यूनीकरणको लागि पहल गर्ने, गराउने,
(घ) जिल्ला बालकल्याण समितिसँग समन्वय र सहकार्य गर्ने ।

(३) उद्धार गरिएका बालबालिका जिल्ला बाहिरका भएमा उनीहरूको पारिवारिक पुनर्मिलन वा सामाजिक पुनर्स्थापना गर्दा देहाय बमोजिम गर्न सकिन्छ :

**(क) बालबालिकाको हकअधिकार तथा बालसंरक्षणमा क्रियाशील** नगरपालिकास्तरीय समिति, जिल्ला स्तरीय र केन्द्र स्तरका समितिहरूसँग सम्पर्क तथा समन्वय गरी सम्बन्धित स्थानीय तहलाई जिम्मेवार बनाई पुनर्मिलन वा पुनर्स्थापना गर्ने, गराउने,

(४) उद्धार गरिएका बालबालिका देश बाहिरका भएमा उनीहरूको पुनर्स्थापना गर्दा देहाय बमोजिम गर्न सकिन्छ :

(क) बालबालिकाको विषय हेर्ने संघीय मन्त्रालय (महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय) र/वा केन्द्रीय बालकल्याण समिति लगायत केन्द्रीय तहका समिति वा संयन्त्र मार्फत सम्बन्धित देशको सम्बन्धित निकाय वा दुतावास मार्फत समन्वय वा सम्पर्क स्थापित गरी पुनर्स्थापना गर्न पहल गर्ने, गराउने ।

२६.　**औपचारिक शिक्षाको निरन्तरता :** (१) परिवारमा पुनर्मिलन भएका वा समुदायमा पुनर्स्थापना भएका बालबालिकाको उमेरअनुसार नगरस्तरीय शिक्षा समितिलगायतका सेवा प्रदायकमार्फत औपचारिक शिक्षा एवं सीपविकासको सुनिश्चितता गर्न सघाउनु पर्छ । यसको लागि विद्यालयसँग सहकार्य गर्ने तथा समुदायमा स्वीकार्यताको वातावरण मिलाउन सेवा प्रदायक संस्थालाई परिचालित गर्न सकिन्छ ।

२७.　**पुनर्एकीकरण एवं पुनर्स्थापना पछि अनुगमन तथा निरन्तर-कार्य (फलो अप)** : (१) बालबालिका परिवारमा पुनर्मिलन भई गएको वा समाजमा पुनर्स्थापना भई गएकोमा निजको अवस्थाबारे कम्तिमा ६ महिनासम्म बालबालिका तथा उनको परिवारसँग नियमित अनुगमन तथा निरन्तर-कार्य (फलो अप) गर्नु पर्छ ।

(२)　परिवारमा पुनर्मिलन भएका वा समुदायमा पुनर्स्थापना भएका बालबालिकासँग सेवा प्रदायक संस्थालाई परिचालन गरी वैयक्तिक कार्य (घटना व्यवस्थापन) लाई कम्तिमा ६ महिनासम्म निरन्तरता दिनु पर्छ ।

(३)　परिवारमा पुनर्मिलन भएका वा समुदायमा पुनर्स्थापना भै गएका बालबालिकाको स्थितिबारे अनुगमन तथा निरन्तर-कार्य (फलो अप) को अभिलेख राख्नु पर्छ ।

२८.　**परिमार्जन तथा संशोधन**

(१) नगरसभाले कार्यविधिलाई आवश्यकताअनुसार परिमार्जन तथा संशोधन गर्दैलैजान सक्नेछ ।

अनुसूची १

**बालश्रम अनुगमन फारम**

फारम नं. .......

१. श्रमिकको रूपमा काममा लगाइएका बालबालिकाको विवरण

क) नाम थरः उमेरः जन्म मितिः

लिङ्गः बालक ☐ बालिका ☐

ख) ठेगानाः

स्थायी ठेगानाः जिल्लाः...............गापा/नपा..................वडा नं...... टोल..........

अस्थायी ठेगानाः जिल्लाः ...............गापा/नपा................वडा नं...... टोल..........

ग) राष्ट्रियताः............................

घ) बाबुको नामः.............................(जीवित ☐ मृत्यु ☐ छाडेको ☐ कति भयो.......

हाल कहाँ................. के गर्दै.......................सम्पर्क नं.............................

ङ) आमाको नाम :..........................(जीवित ☐ मृत्यु ☐ छाडेको ☐ कति भयो.......

हाल कहाँ................. के गर्दै.......................सम्पर्क नं.............................

च) सौतेनी आमा वा झडकेलो बाबु भए

सौतेनी बाबुको नामः...................(जीवित ☐ मृत्यु ☐ छाडेको ☐ कति भयो.......

हाल कहाँ................. के गर्दै.......................सम्पर्क नं.............................

सौतेनी आमाको नाम :...........जीवित ☐ मृत्यु ☐ छाडेको ☐ कति भयो......

हाल कहाँ................. के गर्दै.......................सम्पर्क नं.............................

छ) बाबु/आमाको बाहेक अन्य संरक्षणमा भए, संरक्षकको नामः

ज) बालबालिकाको शैक्षिक अवस्थाः

पढेको छ ☐ छैन ☐ पढाइ छोडेको ☐ पढेको भए कक्षा..........कहिलेसम्म........

विद्यालयको नाम ठेगानाः

झ) हुलियाः

२. बालबालिकालाई काममा लगाउनेको विवरण,

क) बालकलाई काममा लगाएको घरपरिवार, उद्योग/प्रतिष्ठान (सबै प्रकारका कलकारखाना, होटल/रेस्टुरेन्ट, व्यवसाय) को नामः......................................

ख) बालकलाई काममा लगाएको घरपरिवार, उद्योग/प्रतिष्ठानको ठेगानाः ...............................

ग) घरपरिवार, उद्योग/प्रतिष्ठानको प्रमुख वा व्यवस्थापकको नामः.........................................

घ) ठेगानाः.......................................ङ) सम्पर्क नं................................

३. बालश्रमसम्बन्धी विवरण,

क) बालबालिकालाई काममा लगाइएको मिति :

ख) कामको प्रकृति/किसिमको विवरण :

ग) दैनिक काम गर्नु पर्ने समय :

घ) आरामको समय :

ङ) हप्ताभर काम गर्नु पर्ने समय (हप्ताभर काम गर्नु पर्ने घण्टामा उल्लेख):

च) मासिक पारिश्रमिकः

४. विदाको किसिम

क) नियमित विदा ☐ ग) घर विदा ☐ ☐

ख) सार्वजनिक विदा घ) बिरामी विदा ☐

ङ)　किरिया विदा　　छ)　शैक्षिक विदा ☐
च)　विशेष विदा ☐

५.　अन्य सुविधाहरू

क)　उपदान ☐　　ङ)　खाजा भत्ता ☐
ख)　सञ्चयकोष ☐　　च)　दशैँ भत्ता ☐
ग)　बीमा ☐　　छ)　अन्य ☐
घ)　औषधी उपचार ☐

६.　कार्यस्थलको विवरण
क)　पिउने पानीको व्यवस्थाः भएको ☐　नभएको ☐
ख)　शौचालयको व्यवस्थाः भएको ☐　नभएको ☐
ग)　काम गर्ने ठाउँमा पर्याप्त हावा प्रकाश र उपयुक्त तापक्रमः भएको ☐　नभएको ☐
घ)　चमेनागृहको व्यवस्थाः भएको ☐　नभएको ☐

७.　बालकको स्वास्थ्यसम्बन्धी अभिलेख
क)　काममा लगाउनु पूर्व स्वास्थ्य परीक्षणः गराएको ☐　नगराएको ☐
ख)　आवधिक रूपमा स्वास्थ्य परीक्षणः गराएको ☐　नगराएको ☐

८.　स्वीकृतिसम्बन्धी अभिलेख
क)　श्रम कार्यालयबाट स्वीकृतिः लिएको ☐　नलिएको ☐
ख)　बाबु आमाबाट स्वीकृतिः लिएको ☐　नलिएको ☐
ग)　चिकित्सकको राय (उमेर नखुलेको हकमा उमेरसमेत प्रमाणित गराई पेश गर्ने व्यवस्था मिलाउने):........................................................................

९.　काममा ल्याइदिने वा सिफारिस गर्ने व्यक्तिको विवरण
क)　नाम थर :..............................
ख)　ठेगाना :..................................
ग)　सम्पर्क नं.:................................
घ)　हुलिया :....................................
ङ)　नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि

१०.　बालकमाथि कुनै अपराध भए सोको विवरण(थप गर्ने)१८
क)　कुटपिट ☐
ख)　श्रम शोषण ☐
ग)　यौन दुर्व्यवहार ☐
घ)　बलात्कार ☐
ङ)　गाली गलौज ☐
च)　अन्य ☐

११. सुरक्षासम्बन्धी व्यवस्था: (कामको प्रकृति हेरी शारीरिक दुर्घटना तथा स्वास्थ्यमा पर्नसक्ने हानिको रोकथाम गर्न व्यवस्थापन पक्षले उपलब्ध गराएको सुरक्षासम्बन्धी व्यवस्था)......................................
...................................................................................................................................

१२. बालबालिकाको योग्यताको प्रमाण पत्र:

१३. अन्य कुनै कुरा उल्लेख गर्नु पर्ने भए

१४. अनुगमनकर्ताको राय

**अनुगमनकर्ताको विवरण**

| सि.नं. | नामथर | निकाय वा संस्था | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

बालश्रम राख्ने व्यक्ति वा प्रतिष्ठानको नाम र हस्ताक्षर

(नोट : सबै अनुगमनकर्ताहरूको विवरण उल्लेख गर्नु पर्नेछ। सम्भव भए बालश्रम राख्ने व्यक्ति वा व्यवस्थापकको समेत दस्तखत गराउनु पर्नेछ।

मिति :

## अनसूची २
## बालश्रम अनुगमन प्रतिवेदन
## बर्दिवास नगरपालिका

१. पृष्ठभूमिः........................................................................... ................................
...................................................................................................................
२. वडा नं.......टोल........
३. अनुगमन अवधिः
४. कार्यविधिः
क) निरीक्षण तथा अनुगमनको प्रकृति :
नियमित ☐ आकस्मिक ☐ आवधिक ☐
ख) सूचाङ्क :
उमेर, कामको प्रकृति, कार्य अवस्था, सामाजिक सुरक्षा

५. बालश्रमसम्बन्धी विवरण :

५.१ बालश्रमको विवरणः

| क.सं. | बालबालिकाको नाम | उमेर | ठेगाना | कामको प्रकृति/क्षेत्र | रोजगारदाताको नाम, ठेगाना | पारिवारिक अवस्था | जोखिमको अवस्था | शैक्षिक अवस्था | स्वास्थ्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

५.२ पारिश्रमिक तथा सुविधाहरूः

| क.स.. | बालबालिकाको नाम | कामको प्रकृति/क्षेत्र | पारिश्रमिक | काम गर्ने अवधि | विदा | औषधि उपचार | शैक्षिक सुविधा | अन्य सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

५.३ सामाजिक तथा कल्याणकारी अवस्थाः

| क.सं. | बालबालिकाको नाम | कामको प्रकृति/क्षेत्र | शिक्षण संस्थाको अवस्था | स्वास्थ्य संस्थाको अवस्थिति | दुर्घटना वीमा | पिउने पानी | अग्नी नियन्त्रण प्रविधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

५.४ अन्य अवस्था :

६. बालबालिकाले सम्पादन गरेका मुख्य मुख्य कार्यहरूको विवरण

७. निरीक्षण तथा अनुगमन गर्दा देखिएका समस्याहरू :

८. निश्कर्ष तथा सुझावहरू

तयार गर्ने :

| **सिनं.** | **नाम थर** | आवद्ध **निकाय वा संस्था** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

मिति :

## अनुसूची ३
## श्रमिकको रूपमा काममा लगाइएका बालकको विवरण

(१) बालकलाई काममा लगाउने व्यक्ति वा संस्थाको नाम :

(२) ठेगाना :

(३) काममा लगाइएको वा लगाउने भएको मिति :

(४) कामको किसिम वा विवरण :

(५) दैनिक काम गर्नु पर्ने समय :

(६) हप्ताभर काम गर्नु पर्ने समय -हप्ता भर काम गर्नु पर्ने घण्टामा उल्लेख) :

(७) हप्तामा पाउने विदाको बार :

(८) पारिश्रमिक अङ्क :

(९) अन्य सुविधाहरू :

(१०) बालक वा बालिकाको फोटो :

(११) बालक वा बालिकाको नाम :

(१२) ठेगाना :

(१३) उमेर :

(१४) योग्यता :

(१५) बाबु, आमा वा संरक्षकको नाम :

(१६) ठेगाना :

**विवरण दिने व्यक्तिको**

हस्ताक्षर :.......................

नाम : ..........................

मिति :.......................

संस्थाको छाप :...................

## अनुसूची ६

**१. बालश्रम अनुगमन प्रणाली स्थापना तथा सुदृढीकरणका लागि आवश्यक ज्ञान, सीप,विषयगत क्षमता वा विज्ञता र साझेदार संस्थाले खेल्न सक्ने भूमिका :**

**१.(क) नगरपालिकाको संस्थागत तह :**

- संगठन संरचना स्थापना र सुदृढीकरणको योजना (रणनैतिक योजनाको तर्जुमा र सोको उपयोग)
- आवश्यक मानवीय स्रोत वा तालीम प्राप्त जनशक्तिको व्यवस्थापन,
- आर्थिक स्रोत वा बजेटको व्यवस्थापन,
- बालश्रमको मुद्दालाई सम्बोधन गर्न नीति, कानुन निर्देशिका, कार्यविधि, मापदण्डको तर्जुमा र तिनको प्रयोग,
- सूचना तथ्याङ्क संकलन र व्यवस्थापनको लागि विधि, पद्धतिको प्रयोग,
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहसँग र नेपाल सरकारका निकायसँग समन्वय वा सहकार्य गर्ने, गराउने,

१.(ख) नगरपालिकास्तरीय वा वडास्तरीय बालश्रम अनुगमन समितिका सदस्यहरूलाई ज्ञान, सीप, विषयगत क्षमता अभिवृद्धिका लागि :

- समितिका सदस्यहरूलाई अभिमुखीकरण वा अनुशिक्षण,
- नेतृत्व विकास तालिम,
- अनुभव आदानप्रदान
- प्रशिक्षित मानवीय स्रोतको रूपमा विकास गर्न सघाउने,
- द्वन्द्व व्यवस्थापनसम्बन्धी व्यवहारिक ज्ञान, सीप प्रदान गर्ने,
- बालअधिकार, बालसंरक्षण र/वा बालश्रमविरूद्धको ऐन कानुन, अन्तर्राष्ट्रिय महासन्धि, मापदण्डबारे जानकारी

१.(ग) नगरपालिकामा कार्यरत कर्मचारीको तहमा **आवश्यक** ज्ञान, सीप, **विषयगत क्षमता :**

- विषयगत तालिम (अतिरिक्त अवसरको सिर्जना)
- आवश्यक साधन कम्प्युटर, इन्टरनेट, वेबसाइट,
- अध्ययन/सन्दर्भ सामग्रीको उपलब्धता,
- नीति बनाउने, कार्यविधि, कार्ययोजना र स्रोत साधनको व्यवस्थापनको लागि सक्षमता अभिवृद्धि,
- अस्थायी संरक्षण सेवा/गृह सञ्चालन, परिचालन वा व्यवस्थापन,
- मनोसामाजिक सहयोगको लागि आधारभूत तालिम वा अभिमुखीकरण,
- साझेदार संस्था पहिचान गर्ने र/वा प्राथमिक सेवा प्रदायकसँग कार्य गर्न सहमति प्रदान गर्ने,
- पैरबी र जनवकालत
- खोज तथा उद्धार,
- तथ्याङ्क संकलन एवं अध्यावधिक र विश्लेषण

- वडास्तरीय समितिको प्रवर्द्धन र परिचालन
- प्रतिवेदन लेखन, अभिलेखीकरण गर्न गराउन,
- प्रचारात्मक कार्य, समीक्षा
- बालबालिकाको क्षेत्रमा काम गर्नेसंस्थाहरूको सूची तयार गर्ने र निरन्तर सहकार्य गर्ने, गराउने,

२. **बालश्रम अनुगमन प्रणाली स्थापना तथा सुदृढीकरणका लागि साझेदार संस्थाको भूमिका**

- नगरपालिका, समिति र कर्मचारीको तहमा क्षमता विकास/अभिवृद्धिमा सघाउने,
- साझेदारी कार्य गर्ने (योजना तर्जुमा, रणनीति निर्माण, कार्यान्वय र समीक्षा वा परिमार्जन),
- साधन स्रोत जुटाउन समन्वय र सहकार्य
- परामर्श तथा विज्ञ सेवाको समन्वय र उपलब्ध गराउनमा सहयोग,
- सान्दर्भिक सामग्रीहरू भौतिकलगायत अन्य मुद्रित सामग्रीहरू उपलब्ध गर्ने, गराउने,
- विषयगत अनुशिक्षण, प्रशिक्षण एवं प्रशिक्षक प्रशिक्षण,
- अनुभव आदान-प्रदानमा अवसरमा समन्वय तथा सहयोग गर्ने, गराउने ।

**अनुसूची ७**

**बालश्रमविरुद्ध हरियो झण्डा अभियान**

# बाल श्रमविरुद्ध हरियो झण्डा अभियान

## पृष्ठभूमि

बालश्रम विश्ववयापीरूपमा नै तितो यथार्थको रूपमा देखिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार विश्वव्यापी रूपमा सन् २०१३ को सेप्टेम्बरमा आइ.एल.ओ.ले निकालेको तथ्यांकअनुसार संसार भरि १६ करोड ८० लाख बालबालिकाहरूश्रममा संलग्न छन् भने ८ करोड ५० लाख बालबालिका जोखिम पूर्ण श्रममा संलग्न छन् । राष्ट्रिय श्रमशक्ति सर्वेक्षण २००८ अनुसार १६ लाख बालबालिकाहरूश्रममा संलग्न रहेको पाइएको छ भने ६ लाख २१ हजार बालबालिका जोखिम पूर्ण श्रममा छन भने तीमध्ये र १ लाख २७ हजार बालबालिका एकदमै निकृष्ट प्रकारको श्रममा संलग्न रहेको पाइएको छ । बिगत लामो समयदेखि विभिन्न गैरसरकारी तथा सरकारी प्रयासका कारण नेपालमा बिगत १५ वर्षभन्दा आजको स्थितिमा बालश्रमिकहरूको अवस्थामा सुधार आउनु र संख्यामा कमी आउँदै जानु सुखद कुरा भए पनि बालश्रमबिरुद्ध अझै पनि धेरै कार्यहरूगर्नु आवश्यक देखिएको छ ।

बालश्रममा बालबालिकाको प्रयोगले लाखौं बालबालिका उनीहरूका आधारभूत तथा मौलिक मानवअधिकारहरू जस्तै शिक्षा, स्वास्थ्य, सहभागिता र परिवारसँग बस्ने अधिकारबाट बञ्चित छन् । श्रमशोषण, कार्यक्षेत्रमा हुने हिंसा भेदभाव र यौनजन्य हिंसा, स्वास्थ्य, शिक्षाको अभाव र बाबु आमासँग टाढा रहनु पर्ने बाध्यता उनीहरूको अधिकार र विश्वव्यापी मानवअधिकार घोषणा पत्र र बालअधिकार महासन्धिले प्रत्याभुत अधिकार हननका घटना हुन् जुन कुरा आज नेपालका लाखौं बालबालिकाले भोग्न बाध्य भइरहेका छन् ।

नेपाल सरकारले बालधिकार संरक्षणका लागि विभिन्न प्रयासहरू अगाडि बढाएको छ । बालश्रमलाई हटाउनका लागिबालश्रमसम्बन्धी राष्ट्रिय गुरुयोजनाले नेपालबाट वि.सं. २०७३ (सन्२०१६) सम्ममा निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्ने र २०७७ (सन् २०२०) सम्ममा सबै प्रकारको बालश्रम अन्त्य गर्ने लक्ष्य राखेको थियो । विविध कारणबाट लामो समयसम्म यो गुरुयोजनाको व्यवहारिक कार्यान्वयन हुन नसकेको अवस्थामा नयाँ निर्वाचनपछि बनेको सरकारले यसलाई । यो लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा केही प्रगति भएपनि पूर्ण लक्ष्य हासिल गर्नका लागि आफ्ना प्रयासहरु निरन्तर जारी राख्न जरुरी देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ लगायत बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ अनुरूप बालमैत्री नगर बनाउनका लागि बालश्रम न्यूनीकरण हुनु पर्ने व्यवस्था पनि रहेको छ । बालबालिकासम्बन्धी ऐन २०४८, बालश्रम (

निषेध र नियमित गर्ने) ऐन २०५६, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ लगायतका कानूनी व्यवस्थाले पनि बालश्रमलाई निषेध गरेकोछ ।

संयुक्त राष्ट्र संघले तय गरेको विश्वव्यापी दीगो विकास लक्ष्य (सन् २०१६ देखि २०३०) को उद्देश्य ८.७ अनुसार आगामी सन् २०२५ सम्ममा निकृष्टसहित सबै प्रकारको बालश्रमको अन्त्य गर्ने लक्ष्य तय गरिएको छ । नेपाल सरकारले यो विश्वव्यापी लक्ष्य प्राप्त गर्नका लागि प्रभावकारी अभियान सञ्चालन गर्नु जरुरी छ । यस्ता प्रभावकारी अभियान स्थानीय सरकारको नेतृत्वमा समुदायमा सबैको साझा अभियान बनाएर लान सकेमा बालश्रम अन्त्यको लागि राज्यले सफलता प्राप्त गर्न सक्दछ । यस कुरा लाई मध्य नजर गर्दै बालश्रमविरुद्ध हरियो झण्डा अभियान अगाडि ल्याइएको हो ।

**हरियो झण्डा अभियान केहो ?**

**हरियो झण्डा अभियान बालश्रम मुक्त घर, टोल, समुदाय र समाज निर्माण गर्ने स्थानीय निकाय, नागरिक समाज र स्थानीय बालसंरक्षण संरचनाहरूले अघि बढाएको अभियान हो ।**यो स्थानीय निकाय तथा संरचनाहरूले सञ्चालन गरेको बालश्रमविरुद्धको सकरात्मक अभियान हो । यो अभियान अन्तरगत समुदायमा रहेका नागरिकहरूले आफनो घर पसल तथा कारखानामा सबैले देख्ने गरी हरियो झण्डा राख्ने छन् । हरियो झण्डा बालश्रम नरहेको प्रतिकात्मक चिन्ह हो । समुदायले त्यो झण्डा राखेको घरमा बालश्रमको प्रयोग छैन् भन्ने बुझ्दछ । बालश्रम प्रयोग नभएका सबै घर, कलकारखाना र होटलहरूमा यो राखिने छ । यसको अर्थ बालश्रम राख्ने व्यक्तिहरूलाई नैतिक तथा सामाजिक दवाव उत्पन्न हुन्छ जस्ले गर्दा बालश्रम राखेका ती व्यक्तिहरू बालश्रममा संलग्न गराइएका ती कबालबालिकालाई सामाजिक संरक्षणका साथ पारिवारिक पुनर्मिलन गराई वयस्क श्रमिक प्रयोग गर्ने र यको अभियानमा सरिक हुने छन् । यस स्थानीय निकायले यस अभियान मार्फत अनुगमनका कार्यक्रमहरूआफ्नै नेतृत्वमा गर्ने छ र बालश्रमिकहरूको उद्धार तथा पारिवारिक पुनर्मिलनका कार्यक्रमहरू सञ्चालन गर्ने छ ।

**यस अभियानको मुख्य उद्देश्य भनेकै बालश्रमको अन्त्य गरी बालश्रम मुक्त घर, टोल र बालमैत्री समुदाय र समाजको निर्माण गर्नु हो । अर्को अर्थमा भन्ने हो भने बालश्रमविरुद्धको हरित क्रान्तिको रूपमा यसलाई सञ्चालन गर्नु हो ।**

**बालश्रमविरुद्ध हरियो झण्डा अभियानको प्रक्रिया**

**१. क्षेत्र छनौट**

आफ्नो क्षेत्रलाई बालश्रम मुक्त गराउने अभियानलाई अघि बढाउनका लागियसलाई नगरपालिकाभित्रका कुन–कुन स्थानबाट सुरु गर्ने हो त्यसका लागि, टोल वा नगरमा यस प्रकारको अभियान सञ्चालन गर्न

समुदायको अध्ययन तथा विश्लेषण गरी यस अभियानका लागि क्षेत्रको छनौट गरी प्रारम्भिक अभियान सुरु गर्न सकिने छ ।

**२. सरोकारवालाहरूसँग छलफल तथा कार्यक्रमको बारेमा जानकारी,**

बालश्रमविरुद्धको हरियो झण्डा अभियान सञ्चालन गर्ने क्षेत्रमा त्यस क्षेत्रमा रहेका सरकारी निकाय,सामाजिक संघ संस्था, बुद्धिजीवी,समाजसेवी तथा सरोकारवाला निकाय तथा व्यक्तिलाई कार्यक्रमको बारेमा जानकारी प्रदान गर्ने र कार्यक्रमलाई सफल पार्न अपनाउन सकिने रणनीतिको बारेमा छलफल गरी त्यसका लागि सम्बन्धित निकाय वा व्यक्तिको भूमिका र प्रतिवद्धतालाई एकिन गर्ने जसका लागि निम्न निकाय हुन सक्दछन् :

क. वडा कार्यालय

ख. बालसंरक्षण समिति,

ग. बालक्लब, युवा क्लब, महिला समूह, आमा समूह, किशोरी समूह, सामुदायिक सेवा समिति, सामुदायिक प्रहरी, सामाजिक संघ संस्थाहरू

घ. बालश्रम अनुगमन समिति

**३. बालश्रमसम्बन्धी व्यापक जनचेतना कार्यक्रम सञ्चालन गर्ने,**

हरियो झण्डा अभियान सञ्चालन गर्ने क्षेत्रमा बालश्रम, बालश्रमले पार्न सक्ने नकारात्मक असर तथा बालश्रमलाई रोक्नका लागि सरकारले गरेका प्रयास तथा कानूनी प्रावधानका बारेमा त्यस क्षेत्रमा व्यापक जनचेतना हुनु आवश्यक छ । त्यसै गरी हरियो झण्डा अभियान के हो ? यो अभियान किन सञ्चालन गरिँदै छ ?त्यसमा त्यस क्षेत्रमा बसोबास गर्ने व्यक्ति वा संघ संस्थाहरूले कसरी सहभागिता जनाउन सक्दछन् वा सहयोग गर्न सक्दछन्? भन्ने बारेमा जानकारी गराउनु पर्दछ ।यसका लागि निम्न माध्यमहरू अपनाउन सकिन्छ :

क. एफ एम, रेडियो तथा टेलिभिजनबाट सूचना प्रसारण,

ख. होडिङ बोर्ड, व्यानर तथा तुल, प्रचार तथा बुकलेट वितरण ,

ग. सडक नाटक, समुदायमा अभिमूखीकरण कार्यक्रम

घ. रेडियो तथा टेलिभिजन कार्यक्रम

ङ. सांस्कृतिक कार्यक्रम, कवि गोष्ठी, वक्तृत्व कला प्रतियोगिता, चित्रकला प्रतियोगिता

**४. बाल श्रमिकको तथ्याङ्क संकलन तथा अवस्था विश्लेषण**

हरियो झण्डा सञ्चालन गरिने क्षेत्रमा बाल श्रमिकको अवस्था के छ ? सम्बन्धितस्थानमा कुन क्षेत्रका बाल श्रमिकको संख्या छ ? त्यसको नियमित अध्यावधिक गर्ने ।

**५.बाल श्रमिक नभएका घर, होटल, कारखाना मा बालश्रमविरुद्ध हरियो झण्डा राख्ने :**

नगरपालिकाले स्थानीय बाल संरक्षण समिति, टोल विकास संस्था वा स्थानीय सामाजिक संघ संस्थाको साझेदारी स्थानीय स्तरमा सबै घरलाई समेटिने गरी सामुदायिक भेला सञ्चालन गरी वडामा आवश्यकताअनुसार भेला बोलाई हरियो झण्डा वितरण गरिनेछ र उक्त भेलामा हरियो झण्डाको महत्व र यस अभियान सहयोगको लागि सबैमा अनुरोध गरिने छ ।

**६. अनुगमन समिति गठन तथा परिचालन :**

हरियो झण्डा अभियान सञ्चालन भएको स्थानमा यस अभियानलाई सफल पार्नका लागि एक अनुगमन समिति रहने छ जुन काम स्थानीय स्तरका बालसंरक्षण समिति/ बालमैत्री गाउँ वा नगर समिति समेतको संलग्नतामा गठन गरिने छ । उक्त अनुगमन समितिले त्यस अभियान सञ्चालन गरेको क्षेत्रमा बाल श्रमिक छ कि छैन वा छ भने कुन अवस्थामा रहेको छ ? त्यसको प्रतिवेदन अध्यावधिक गर्ने यदि भएको अवस्था उद्धार गरी घटना व्यवस्थापन योजनाअनुरूप अगाडि बढ्ने छ जसअनुसार कानुनी प्रक्रियाका लागि समेत यस समितिले सम्बन्धित निकायलाई सिफारिस गर्ने छ भने बाल श्रमिक नभएको घर,होटल वा कारखानामा हरियो झण्डा राख्नको लागि गाउँ, टोल वा नगरलाई सिफारिस गर्ने छ । उक्त अनुगमन समितिले हरियो झण्डा राखिएको वा नराखिएको सबै स्थानलाई अनुगमन गर्नेछ । अनुगमन गरी राखिएको क्षेत्रलाई बालश्रम मुक्त क्षेत्र घोषणा नभएसम्म निरन्तरता प्रदान गर्ने ।

**७. बाल श्रमिकको उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन :**

यस अभियान सञ्चालन गरिएको क्षेत्रमा यदि बालश्रमिकहरू भएको पाएमा त्यस स्थानमा रहेका बालश्रमिकको उद्धार, पुनर्स्थापना वा घटना व्यवस्थापनको योजना निर्माण गरी अगाडि बढिने छ जसका लागि जिल्ला बालकल्याण समिति, यस क्षेत्रमा काम गर्ने संघ संस्था समेतको समन्वयमा **बर्दिबास नगरपालिकामा बालश्रम मुक्त नगरपालिकाको स्थापना र विकासका लागि कार्यविधि, २०७५** मा उल्लेखित प्रक्रिया अपनाई घटना व्यवस्थापन गरिने छ । यसका लागि परिवार सहयोग, सीप विकासका तालिमलाई समेत जोडेर घटना व्यवस्थापन योजना तयार गरिनेछ, भने त्यस घटनालाई निश्चित समयसम्म फलोअप गर्ने जिम्मेवारी समेत यकिन गरिने छ ।

**८. नियमित अनुगमन तथा बालश्रम मुक्त वडा, गाउँ, नगर घोषणा :**

हरियो झण्डा अभियान बालश्रम मुक्त बनाउने अभियान हो । त्यसै हरियो झण्डा अभियान सञ्चालन गरेको क्षेत्रमा निरन्तर अनुगमन गरी यदि सबै घरमा बालश्रमविरुद्धको हरियो झण्डा राखियो र त्यस

क्षेत्रमा बालश्रम छैन भन्ने तथ्य पुष्टि भएमा त्यस क्षेत्रलाई बालश्रम मुक्त क्षेत्र(**वडा, टोल, नगर**) घोषणा गरिने छ ।

**हरियो झण्डाको नमुना**







